निर्णयहरू:-

१. COVID-19 रोकथाम तथा नियन्त्रणका सम्बन्धमा समितिका सबै पदाधिकारहरूले आ-आफ्ना क्षेत्रसँग सम्बन्धित विषयमा हालसम्म गरिएका कार्य प्रगति र देखिएका समस्याका सम्बन्धमा देहाय बमोजिमको अवस्था सहित बैठकमा प्रस्तुतिकरण गर्नुभयो

   क. Isolation Ward मा खटिएका ७ (सात) जना स्वास्थ्यकर्मीहरूको बसोबासको लागि हेटौंडास्थित एभोकाडो होटलमा छुटै व्यवस्था मिलाइएको व्यहोरा जानकारी भयो ।

   ख. बजारमा औषधी, खाना पकाउने ग्याँस,खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरू पर्याप्त रहेको र सुरक्षित तवरले बिक्री वितरण भइरहेको ।

   ग. यस जिल्लामा हालसालै विदेशबाट आएका व्यक्तिहरूको संख्या र उनीहरूको हालसम्मको स्वास्थ्य अवस्था यसैसाथ संलग्न विस्तृत विवरण अनुसार रहेको देखिएको ।

   घ. श्रमिक मा.वि.को भवनमा हाललाई ४ (चार) बेडको ICU सहित ३४ बेडको Isolation Ward को व्यवस्था गरिएको र सो को व्यवस्थापन जिल्ला अस्पताल, हेटौडाबाट भएको ।

   ङ. हेटौडा एकेडेमिमा महिला र पुरूष गरी १०० जना क्षमताको क्वारेन्टाइनको व्यवस्था गरिएको र सो को व्यवस्थापन हेटौडा उपमहानगरपालिका बाट भइरहेको ।

   च. हालसम्म यस जिल्लामा संस्थागतरूपमा क्वारेन्टाइन, Isolation र ICU मा कुनैपनि विरामी भर्ना नगरिएको ।

   छ. सुरक्षा निकायहरूबाट लकडाउनलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइएको र नागरिकलाई अत्यावश्यक सामग्रीहरूको खरिदका लागि सहजीकरण समेत गरिएको ।

   ज. अत्यावश्यक कार्यको लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी साधनको पास उपलब्ध गराइएको र हालसम्म १९४ वटा पास वितरण गरिएको ।

२. PPE (Personal Protective Equipment) लगायत स्वास्थ्यसँग सम्बन्धित आवश्यक सामग्रीहरू सम्बन्धित स्थानीय तहबाटै खरिद गर्ने र यसको समन्वय स्वास्थ्य कार्यालय, मकवानपुरले गर्ने ।

३. Isolation Ward सञ्चालन गर्न अपुग रहेको स्वास्थ्यकर्मीको व्यवस्थाका लागि बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

४. जिल्लालाई आवश्यक पर्ने अत्यावश्यक सामग्रीको आपूर्तिको लागि उद्योग वाणिज्य संघले मिलाउने र आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।

०७६।१२।१४

| क्र.सं. | स्थानीय तह | विदेशबाट आएकाहरूको संख्या | विदेशबाट आएकाहरूको प्रारम्भिक Screening गरिएको संख्या र अवस्था | स्थापित क्वारेन्टाइन/Isolation/ICU को संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | हेटौडा उ.म.न.पा. | १२२ | १२२<br>स्वास्थ्य अवस्था सामान्य रहेको | -हेटौडा एकेडेमिमा १०० बेडको क्वारेन्टाइन सञ्चालन गर्न सकिने अवस्थामा तयार गरिएको।<br>-४ ICU सहित ३४ Isolation Bed श्रमिक मा.वि.मा तयार गरिएको) | |
| २. | थाहा न.पा. | ३६ | ३६<br>स्वास्थ्य अवस्था सामान्य रहेको | ओम रिसोर्टमा १०० बेडको क्वारेन्टाइन सञ्चालनको व्यवस्था मिलाइएको । | |
| ३. | कैलाश गा.पा. | ५ | ५<br>होम क्वारेन्टाइनमा रहेको र स्वास्थ्य अवस्थामा सामान्य रहेको | - | |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६<br>होम क्वारेन्टाइनमा रहेको र स्वास्थ्य अवस्थामा सामान्य रहेको | - | |
| ५. | भिमफेदी गा.पा. | १२ | स्वास्थ्य अवस्थामा सामान्य रहेको | भिमफेदी-१, सानुटारमा ३५ बेडको क्वारेन्टाइनको तयारी भइरहेको । | |
| ६. | मनहरी गा.पा. | ४२ | ४२<br>(४१ जनाको स्वास्थ्य अवस्थामा सामान्य रहेको ।) | अग्नीहोत्री आश्रममा २५ बेडको क्वारेन्टाइनको तयारी भइरहेको । | स्थानीय एक र विदेशबाट एक गरी दुई जनालाई थप परीक्षणको लागि भरतपुर रिफर गरिएको । |
| ७. | राक्सीराङ गा.पा. | १ (कतार) | १<br>स्वास्थ्य अवस्था सामान्य रहेको | - | |
| ८. | मकवानपुरगढी गा.पा. | ५ | ५ (होम क्वारेन्टाइनमा बसेको)<br>स्वास्थ्य अवस्था सामान्य रहेको | - | |
| ९. | बकैया गा.पा. | ३ (कतार, जापान र माल्दिभ्स) | ३<br>होम क्वारेन्टाइनमा रहेको र स्वास्थ्य अवस्था सामान्य रहेको | छतिवनमा ४ Isolation Bed को व्यवस्था गरिएको । | |
| १०. | बागमती गा.पा. | ११ (१ जना दुबईबाट आएको) | ११<br>स्वास्थ्य अवस्था सामान्य रहेको | | एक जना काठमाडौंमा क्वारेन्टाइनमा बसी आएको |